# जिविस लमजुङको आ.व २०७२।०७३ को

# जिल्लास्तरीय बार्षिक प्रगति समीक्षा गोष्ठीको

## समीक्षा प्रतिवेदन

२०७३ साउन ३१ र ३२ गते

## जिल्ला विकास समिति

लमजुङ

# विषय सूची


| | विवरण | पेज नं |
|---|---|---|
| १ | परिचय | १ |
| २ | समीक्षा गोष्ठीको उद्देश्य | २ |
| ३ | समीक्षा गोष्ठीको मिति,समय र स्थान | २ |
| ४ | सहभागिता | २ |
| ५ | कार्यक्रम आरम्भ सत्र र व्यवस्थापन | २ |
| ६ | प्रस्तुतीकरण विधि र सामाग्री | ३ |
| ७ | प्रस्तुतीकरण कार्यक्रम | ४ |
| ८ | गोष्ठीको निश्कर्ष तथा निर्णयहरु | ४ |
| ९ | समापन कार्यक्रम | १२ |
| **अनुसूचीहरु** | | |
| १ | समीक्षा गोष्ठीको उपस्थिति | १३ |
| २ | समीक्षा गोष्ठीमा सहभागी कार्यालय, प्रस्तुतीकरण गर्नेको नाम र प्रस्तुतीकरणमा प्राप्त जिज्ञासा तथा सुझावहरु | २३ |
| ३ | समापन कार्यक्रममा माननीय सांसदज्यूहरु, राजनीतिक दल र प्रजिअ तथा स्थाविअले व्यक्त गर्नुभएका विचारहरु | ३० |
| ४ | विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरणको विस्तृत विवरण | |
| | **सरकारी कार्यालयहरु** | |
| १. | जिल्ला विकास समिति | ३२ |
| २. | बेसीशहर नगरपालिका | ४४ |
| ३. | सुन्दरबजार नगरपालिका | ४९ |
| ४. | करापुटार नगरपालिका | ५६ |
| ५. | मध्य नेपाल नगरपालिका | ६० |
| ६. | राइनास नगरपालिका | ६९ |
| ७. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ७२ |
| ८. | पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं १ | ७४ |
| ९. | शहरी विकास तथा भवन डि कार्यालय | ७५ |
| १०. | जिल्ला प्राविधिक कार्यालय | ८० |

| | | |
|---|---|---|
| ११. | जिल्ला शिक्षा कार्यालय | ८३ |
| १२. | जिल्ला जनस्वास्थ्य कार्यालय | ८६ |
| १३. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १०३ |
| १४. | लमजुङ जिल्ला सामुदायिक अस्पताल | १०६ |
| १५. | ग्रामीण तालिम केन्द्र | १०९ |
| १६. | महिला तथा बालबालिका कार्यालय | ११० |
| १७. | जिल्ला कृषि विकास कार्यालय | ११५ |
| १८. | जिल्ला पशुसेवा कार्यालय | १२१ |
| १९. | जिल्ला घरेलु विकास समितिको कार्यालय | १३५ |
| २०. | जिल्ला वन कार्यालय | १४२ |
| २१. | जिल्ला भू संरक्षण कार्यालय | १४५ |
| २२. | जिल्ला बालकल्याण समिति | १४७ |
| २३. | नेपाल विद्युत प्राधिकरण लमजुङ वितरण केन्द्र | १४९ |
| २४. | सडक डिभिजन कार्यालय | १५० |
| २५. | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | १५७ |
| २६. | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना | १५९ |
| २७. | जिल्ला खेलकुँद विकास समिति | १६५ |
| २८. | नेपाल टेलिकम | १६७ |
| | **गैससहरु** | |
| १. | लमजुङ उद्योग वाणिज्य संघ | १६८ |
| २. | चेस नेपाल | १७२ |
| ३. | ग्रामीण सामुदायिक विकास केन्द्र | १७६ |
| ४. | च्वाइस नेपाल | १८३ |
| ५. | वर्ल्ड भिजन | १८५ |
| ६. | महिला आपसी सहयोग केन्द्र | १८७ |
| ७. | समग्र विकास सेवा केन्द्र | १९० |
| ८. | जनचेतना अभिबृद्धि र विकास अध्ययन समिति | १९४ |
| ९. | स्क्यान नेपाल | १९६ |
| १०. | नेपाल रेडक्रस सोसाइटी | १९७ |
| ११. | लक्ष्मी नारायण सामुदायिक पुस्तकालय | २०१ |
| १२. | आदर्श महिला तथा बाल विकास केन्द्र | २०२ |
| १३. | ग्लोवल एक्सन नेपाल | २०७ |

| | | |
|---|---|---|
| १४. | लि- बर्ड | २१२ |
| १५. | ग्रामीण शसक्तिकरण समाज दमौली | २१५ |
| १६. | शिलषा कार्यक्रम | २१६ |
| १७. | महिला शक्ति विकास केन्द्र | २१९ |
| १८. | अपांग संरक्षण समाज | २२० |
| १९. | पास नेपाल | २२२ |
| २०. | सेर्सोक | २२५ |
| २१. | सर्वोदय सेवाश्रम | २२८ |
| २२. | कोपिला नेपाल | २२९ |
| २३. | गोरखा वेयलफेयर | २३२ |
| २४. | लमजुङ सीप विकास प्रतिष्ठान | २४२ |
| २५. | काठमाण्डौ अन्तर्राष्ट्रिय लर्निङ सेन्टर | २४३ |
| २६. | सामुदायिक वन उपभोक्ता महासंघ | २४५ |
| २७. | साथी नेपाल | २४७ |
| २८. | दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षाका लागि सामुदायिक वन तथा कृषि अनुसन्धान परियोजना ENlift | २४८ |
| २९. | मर्स्याङ्दी कल्लाणकारी साकोस | २५० |
| ३०. | सेलर्ड | २५१ |
| ५ | समीक्षा गोष्ठीका तस्वीरहरु र पत्रिकामा छापिएका खबरहरु | २५६ |
| ६ | आमन्त्रण गरिएका कार्यालय तथा संघसंस्थाहरु र पत्र बुझेको भर्पाइ | २५९ |

# विषय सूची


| | | |
|---|---|---|
| १ | परिचय | १ |
| २ | समीक्षा गोष्ठीको उद्देश्य | १ |
| ३ | समीक्षा गोष्ठीको मिति,समय र स्थान | २ |
| ४ | सहभागिता | २ |
| ५ | कार्यक्रम आरम्भ सत्र र व्यवस्थापन | ३ |
| ६ | प्रस्तुतीकरण विधि र सामाग्री | ३ |
| ७ | प्रस्तुतीकरण कार्यक्रम | ३ |
| ८ | गोष्ठीको निश्कर्ष तथा निर्णयहरु | ३ |
| ९ | समापन कार्यक्रम | १० |


## अनुसूचीहरु


| | | |
|---|---|---|
| १ | कार्यालहरुको प्रस्तुतीकरणमा प्राप्त गत आवमा हासिल गरिएका उपलब्धी, समस्या तथा चुनौतीहरु र प्राप्त जिज्ञासा तथा सुझावहरु | ११ |
| २ | समापन कार्यक्रममा माननीय सभासदज्यूहरु, राजनीतिक दल र प्रजिअ तथा स्थाविअज्यूले व्यक्त गर्नुभएका विचारहरु | २५ |
| ३ | जिविसको प्रगति विवरण | |
| ३.१ | पोखरा समीक्षाको प्रस्तुतीकरण | २९ |
| ३.२ | जिल्ला समीक्षाको प्रस्तुतीकरण | ३३ |
| ३.३ | जिविसको सूचना तथा तथ्यांक (मन्त्रालयको ढाँचामा) | ४५ |
| ३.४ | लेखा सम्वन्धी विवरण | ५५ |
| ३.५ | WBRS मा प्रविष्ट गरिएको विवरण | ६१ |
| ४ | तस्विरहरु | ६७ |
| ५ | गाविस समीक्षाका निर्णयहरु | ७२ |

# २०७३ साउन ३१ र ३१ गते आयोजित आर्थिक बर्ष २०७२।०७३ को
# जिल्लास्तरीय बार्षिक प्रगति समीक्षा गोष्ठीको
# प्रतिवेदन

## १. परिचय

लमजुङ जिल्लामा हाल ३५ गाविस र ५ वटा नगरपालिका रहेका छन् । विभिन्न विषयगत कार्यालय जिल्लामा कार्यरत रहेका छन् । साथै अढाई दर्जन जति गैर सरकारी संस्थाहरुले यस जिल्लामा दातृ निकायहरुको सहयोगमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरि राखेको पाइन्छ । कार्यरत सवै विषयगत कार्यालयहरु र गैससहरुको समन्वय गर्ने जिम्मेवारी जिल्ला विकास समितिको हो । स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ को उपदफा २ मा बार्षिक जिल्ला विकास योजनाको समीक्षा गर्ने सम्वन्धमा आवश्यक व्यवस्था भएको पाइन्छ । उक्त समीक्षा बैठकमा सरकारी, गैर सरकारी र दातृ संस्थाका प्रतिनिधिहरु समेतलाई आमन्त्रण गरी आ आफ्नो क्षेत्रबाट जिल्लामा सञ्चालित कार्यक्रमहरुको प्रगति समीक्षा गर्ने भन्ने उल्लेख छ ।

समीक्षा बैठकबाट प्राप्त सुझाव सहितको प्रतिवेदन आयोजना सञ्चालन गर्ने निकायहरुमा पठाउने र उक्त प्रतिवेदन जिल्ला परिषदको नियमित बैठकमा प्रस्तुत गर्ने प्रावधान समेत सो दफामा उल्लेख भएको छ । यसै गरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०२ (४) मा बार्षिक समीक्षा गर्दा आयोजना सुपरिवेक्षण तथा अनुगमन उपसमितिले विभिन्न समयमा अनुगमन तथा सुपरिवेक्षण गर्दाका वखत तयार गरेका प्रतिवेदनमा उल्लेख भएका कुराहरुलाई समेत विचार गर्नु पर्ने व्यवस्था छ । साथै आयोजना तथा कार्यक्रममा देखिएका कमी कमजोरी हटाउन उपभोक्ता समिति, संघसंस्था, व्यक्तिलाई आवश्यक निर्देशन दिनसक्ने प्रावधान छ । यसै गरी स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थपन कार्यविधि २०६९ को बुँदा नं ३६ मा प्रगति प्रतिवेदन तथा समीक्षा सम्वन्धी विषयहरु उल्लेख भएको पाइन्छ ।

जिल्लाको समग्र विकासको लागि स्थानीय समुदायका अतिरिक्त स्थानीय निकायहरु (जिविस, नगरपालिका र गाविस) सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र नीजिक्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ । यसै सन्दर्भमा विगतदेखि नै जिल्ला विकास समितिको आयोजना र समन्वयमा जिल्लास्थित सरकारी कार्यालय, अगैसस, अन्य संघसंस्थाहरुको विचमा चौमासिक तथा बार्षिक समीक्षा गोष्ठीहरु सञ्चालन हुँदै आएका छन् ।  जिल्लामा कार्यरत विषयगत कार्यालयहरु तथा अ/गैरसरकारी संस्थाहरुले गत आर्थिक वर्षमा के कस्ता कार्यक्रमहरु सम्पन्न गरे, आर्थिक र भौतिक प्रगती के कस्तो रह्यो ? खास उपलब्धी र प्रतिफल के निस्कियो ? कार्यक्रम सञ्चालन गर्दा के कस्ता समस्या एवं चुनौतीहरु आइपरे ? के कस्ता सिकाईहरु रहे ? आगामी दिनमा कसरी सुधार ल्याउन सकिन्छ ? आदिजस्ता सवालहरुमा अन्तरक्रिया गर्ने  र सुझावहरु संकलन गर्ने उद्देश्यले बार्षिकरुपमा जिल्लास्तरीय बार्षिक समीक्षा गोष्ठीको आयोजना गरिंदै आइएको छ । यसै सिलसिलामा आर्थिक बर्ष २०७२/०७३ मा जिल्लास्थित सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुले जिल्लामा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुबारे समीक्षा गर्न जिल्ला विकास समिति लमजुङले सरोकारवालाहरुको विचमा मिति २०७३ साउन ३१ र ३२ गते जिल्लास्तरीय बार्षिक प्रगति समीक्षा गोष्ठीको आयोजना गरेको थियो । उक्त समीक्षा गोष्ठीमा प्रस्तुत भएका प्रगति विवरण, हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु, कार्यालय, गैसस तथा संघसंस्थाहरुबाट प्रस्तुत भएका प्रगति विवरण

सम्बन्धमा सहभागीहरुले राखेका जिज्ञासा, प्रतिक्रिया तथा सुझाव र निश्कर्षहरु अभिलेखिकरण तथा सार्वजनिक गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

## २. समीक्षा गोष्ठीको उद्देश्य

जिल्लामा विकास कार्यक्रम गर्ने जिल्ला विकास समिति, विषयगत कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र अन्य संघसंस्थाहरुबाट आर्थिक बर्ष २०७२/०७३ मा सञ्चालन गरिएका योजना तथा कार्यक्रमहरुबाट के कस्तो प्रगति हासिल गरियो समीक्षा गर्नु यसको मुख्य उद्देश्य रहेको थियो । यस गोष्ठीका विस्तृत उद्देश्यहरु निम्न वमोजिम रहेका थिए ।

- सरकारी कार्यालय तथा गैरसरकारी संस्थाहरुले आ.व.२०७२/०७३ मा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको प्रगती विवरण प्रस्तुत गरी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- आव २०७२।०७३ को भौतिक तथा वित्तिय प्रगति विवरणहरु प्रस्तुत गर्ने ।
- कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धी तथा प्रतिफलको बारेमा लेखाजोखा गर्ने ।
- योजना तथा कार्यक्रम सञ्चालनको सन्दर्भमा आई परेका समस्या तथा चुनौतीहरुबारे छलफल गर्ने ।
- सुझावहरु संकलन गरी आगामी दिनमा अझ बढी प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्न मद्दत पुऱ्याउने ।
- भएका कमीकमजोरीहरु पहिल्याई आगामी दिनमा सुधारहरु गर्न मार्ग निर्देश गर्ने ।

## ३. समीक्षा गोष्ठीको मिति,समय र स्थान :

यस समीक्षा गोष्ठीको अवधी दुई दिनको रहेको थियो । समीक्षा गोष्ठी २०७३ साउन ३१ र ३२ गते जिल्ला विकास समिति लमजुङको सभागृहमा संचालन गरिएको थियो । गोष्ठी पहिलो दिन अर्थात साउन ३१ गते विहान ११.०० बजेबाट बेलुका ५.४५ सम्म र दोश्रो दिन अर्थात साउन ३२ गते विहान १०.३० बजेबाट बेलुका ६.३० बजेसम्म सञ्चालन भएको थियो ।

## ४. सहभागिता :

यस समीक्षा गोष्ठीमा जिल्लाका माननीय सांसदज्यूहरु, प्रमुख जिल्ला अधिकारी, जिल्लाका राजनीतिक दलका प्रमुखहरु तथा समावेशी प्रतिनिधित्वका आधारमा अन्य प्रतिनिधिहरु, जिल्लाका सरकारी कार्यालयका प्रमुखहरु, जिल्लामा कार्यरत आगैससका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, गाविस सचिवहरु, रेडीयोकर्मी तथा पत्रकारहरु गरी पहिलो दिन १५५ जना र दोश्रो दिन १४१ जनाको उपस्थिति रहेको थियो । सहभागीहरुलाई लैंगिक विश्लेषण गरेर हेर्दा महिला सहभागीहरु पहिलो दिन २८ जना (१८.०६ %) र दोश्रो दिन २३ जना (१६.३१%) रहेको पाइयो । सहभागीहरुको उपस्थितिको छायाँप्रति अनुसूची १ मा समावेश गरिएको छ ।

## ५. कार्यक्रम आरम्भ सत्र र व्यवस्थापन :

दुई दिनसम्म सञ्चालन हुने समीक्षा गोष्ठीको अध्यक्षता स्थानीय विकास अधिकारी श्री शेखर पौड्यालले गर्नु भएको थियो । कार्यक्रममा माननीय सांसदज्यूहरु तथा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, प्रजिअ लगायत सरकारी कार्यालयका प्रमुखहरु, अन्य गैसस तथा संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु सवैलाई आसन ग्रहण गराइएको थियो । तत् पश्चात स्थानीय विकास अधिकारी श्री शेखर पौड्यालले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै गोष्ठीको उद्देश्य तथा दुई दिनको कार्यतालिका र सहभागीहरुको भूमिकाको

बारेमा प्रकाश पार्नु भएको थियो । साथै यस जिल्लामा सुचना र प्रविधि भित्राई सरकारी एवं गैह्र सरकारी कार्यालय साथै विद्यालयहरुलाई सुबिधा सम्पन्नगरिने प्रयास, बेरुजु फछ्र्यौटमा उल्लेख्य प्रगति भएको, आव २०७०।०७१ को अन्तिम लेखा परीक्षणको प्रतिवेदन अनुसार कम बेरुजु हुनेमा पश्चिमाञ्चलको पहिलो र ७५ जिल्लामा नै दोस्रो रहन सफल, जिल्ला परिषद्बाट विनियोजित नीति तथा कार्यक्रम भित्र रहि यस बर्षको कार्यक्रम संचालन गर्ने प्रतिवद्धता, कार्यक्रमको अन्त्यसम्म सबै सहभागिहरु छलफलमा सहभागिता रहनु पर्ने, बताउनु भयो ।

भनाई राख्ने क्रममा स्थानीय विकास अधिकारी श्री पौड्यालले “गत आवमा कार्यक्रम सञ्चालन गरे पश्चात के कस्ता उपलब्धी हासिल भए ? के कस्ता समस्या तथा चुनौती रहे ? छलफल गर्ने फोरम यही समीक्षा गोष्ठी हो । प्राप्त उपलब्धीहरुलाई आगामी दिनमा क्रमशः बढाउँदै लैजाने तथा समस्या र चुनौतीहरुलाई समाधान गर्दै जाने कोशिश गर्नु पर्दछ । समीक्षा गोष्ठीमा माननीय सांसदज्यूहरुको गरिमामय उपस्थिति छ । खासगरी जिल्लाको विकासको लागि के कसरी कार्य भै रहेका छन् तथा कसरी जान सकिन्छ भन्ने बारे माननीय सांसद्ज्यूहरुबाट हामीलाई प्राप्त हुने पृष्ठपोषणले आगामी दिनमा अघि बढ्न थप मद्धत पुर्‍याउने कुरामा कुनै शंका छैन ।

कार्यालय प्रमुखहरुलाई प्रस्तुतीकरण सकेपछि हलबाट नहिंड्न अनुरोध छ ।” भन्ने भनाई राख्नु भयो । बार्षिक प्रगति समिक्षा प्रतिवेदन प्रस्तुत गर्दा उपलब्धि, समस्या, समस्या समाधान गर्दा खेलिएको भुमिका समेत उल्लेख गरिनुपर्ने जस्ता विषयहरु जाहेर गर्दै कार्यक्रम सञ्चालन गर्ने अनुमति दिनुभयो ।

उक्त मन्तव्य पश्चात् क्रमशः विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरण कार्य शुरु भएको थियो । प्रस्तुतीकरण र छलफलको लागि समय विभाजन गरिएको थियो ।

कार्यक्रममा आवश्यकता अनुसार आयोजक संस्थाबाट विभिन्न भूमिकामा कर्मचारीहरु खटाइएको थियो । कार्यक्रमको सहजीकरण योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री खिम बहादुर विकले गर्नु भएको थियो । त्यसै गरी गोष्ठीमा उठान भएका विषयबस्तुको टिपोट गर्ने तथा कार्यालयहरुको कुल बजेट र खर्च को कम्पाइलेसन एवम् निश्कर्ष निकाल्ने कार्य कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल र मनहरी सोतीबाट भएको थियो । प्रस्तुतीकरणमा ल्यापटप सञ्चालन कार्य एलजिसिडीपी फोकल पर्सन शिव रेग्मी र आइसिटी विनोद अधिकारीले गर्नु भएको थियो । गोष्ठीमा पानी, चिया र खाजाको यथोचित प्रवन्ध मिलाइएको थियो र यस कार्यमा कार्यालय सहयोगीहरुले आवश्यकतानुसार सहयोग पुर्‍याएका थिए ।

## ६. प्रस्तुतीकरण विधि र सामाग्री :

गोष्ठीमा प्रस्तुतीकरण गर्ने कार्यालय तथा संघसंस्थाहरु मध्ये अधिकांश कार्यालय तथा संघसंस्थाहरुले श्रव्यदृश्य विधि प्रयोग गरी प्रोजेक्टरबाट प्रस्तुतीकरण गरेका थिए । सहभागीहरुमध्ये राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, लक्षित वर्गका प्रतिनिधिहरु, जिल्ला विकास समिति र केही निश्चित व्यक्तिहरुलाई प्रगती समीक्षा प्रस्तुत गर्ने कार्यालय तथा संघसंस्थाहरुले ह्याण्डआउट उपलब्ध गराएका थिए । सवै कार्यालय तथा संघसंस्थाले सहभागीहरुलाई ह्याण्डआउट वितरण गरेका थिए ।

## ७. विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरण कार्यक्रम

स्थानीय विकास अधिकारीज्यूको मन्तव्य पश्चात प्रस्तुतीकण कार्यक्रमको शुरुवात भयो । समीक्षा गोष्ठीमा २८ वटा सरकारी कार्यालय तथा ३१ वटा गैर सरकारी संस्थाहरु गरी जम्मा ५९ वटा कार्यालय तथा संघसंस्थाको प्रस्तुतीकरण कार्य भएको थियो । विषयगत कार्यालको प्रस्तुतीकरण कार्यमा खास गरी आव २०७२।७३ को भौतिक र वित्तिय प्रगति, सञ्चालन गरेका कार्यक्रमहरुको विस्तृत विवरणको साथसाथै हासिल गरेका प्रमुख उपलब्धीहरु, परेका समस्या र चुनौतीहरु समेत प्रस्तुत भएको थियो । कार्यालयहरुले हासिल गरेका महत्वपूर्ण उपलब्धीहरु, परेका समस्या तथा चुनौतीहरु र प्राप्त सुझाव तथा सहभागीहरुले राख्नु भएका जिज्ञासाहरु अनुसूची १ मा समावेश गरिएको छ । हरेक ४ वटा कार्यालयको प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट प्रतिक्रिया, जिज्ञासा तथा सुझावहरु राख्ने कार्य भएको थियो । कार्यालयको तर्फबाट प्रस्तुतीकरण गर्नेको नाम तथा प्राप्त सुझावहरु अनुसूची २ र कार्यालयहरुको प्रस्तुतीकणको विस्तृत विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

## ८.गोष्ठीको निश्कर्ष तथा निर्णयहरु

### निर्णय नं १

यस समीक्षा गोष्ठीमा देहायका विषयगत कार्यालय, गैसस तथा संघसंस्थाको आ.व. २०७२।०७३ को बार्षिक प्रगति विवरण प्रस्तुत भई छलफल भयो । साथै कार्यालय तथा संघसंस्थाहरुले प्रस्तुत गरेका प्रगति विवरणको आधारमा कुल बजेट, खर्च र वित्तिय प्रगति प्रतिशत देहाय वमोजिम रहेको निर्णय गरियो ।

**देहाय :**

**रकम रु हजारमा**

| क्र. सं. | कार्यालय/समिति | जम्मा बजेट | खर्च रकम | वित्तिय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | ७६०९१७ | ६९७७२२ | ९१.६९ | |
| २ | बेसीशहर नगरपालिका | ६६७२० | ५९८३९ | ८९.६९ | |
| ३ | सुन्दरबजार नगरपालिका | ६२८७१ | ४७३६८ | ७५.३४ | |
| ४ | करापुटार नगरपालिका | १६६३१ | १५३३० | ९२.१८ | |
| ५ | मध्य नेपाल नगरपालिका | २४८७४ | २१७७० | ८७.५२ | |
| ६ | राइनास नगरपालिका | २४१९७ | १७६३३ | ७२.८७ | |
| ७ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १०६५८७ | १०२८६४ | ९६.५१ | |
| ८ | पश्चिमाञ्चल सिंचाई विकास डिभिजन का. | ६७९०० | ३५९०० | ५२.८७ | |
| ९ | शहरी विकास तथा भवन डिभिजन कार्यालय | ४२६७५ | ३०९०२ | ७२.४१ | |
| १० | जिल्ला प्राविधिक कार्यालय | ५८४६३ | १२१९४ | २०.८६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | जिल्ला शिक्षा कार्यालय | ९३५६३७ | ८९८६३३ | ९६.०५ | |
| १२ | जिल्ला जनस्वास्थ्य कार्यालय | १६६२१७ | १४८०६२ | ८९.०८ | |
| १३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ४२६९ | ३०८७ | ७२.३१ | |
| १४ | लमजुङ सामुदायिक अस्पताल | ५७६१५ | ५७०३७ | ९९.०० | |
| १५ | ग्रामीण तालिम केन्द्र | ७४५४ | ५८५६ | ७८.५६ | |
| १६ | महिला तथा बालबालिका कार्यालय | १६८०२ | १४२२५ | ८४.६६ | |
| १७ | जिल्ला कृषि विकास कार्यालय | ६१०५२ | ५४७०२ | ८९.६० | |
| १८ | जिल्ला पशु सेवा कार्यालय | ३७२७१ | ३३९९६ | ९१.२१ | |
| १९ | घरेलु तथा साना उ.वि.समितिको कार्यालय | १९९४९ | १६७०३ | ८३.७३ | |
| २० | जिल्ला बन कार्यालय | १२७०३ | १०८६५ | ८५.५३ | |
| २१ | जिल्ला भू संरक्षण कार्यालय | १३१८० | १३०९९ | ९९.३९ | |
| २२ | जिल्ला बाल कल्याण समिति | १८२१ | १२२३ | ६७.१६ | |
| २३ | सडक डिभिजन कार्यालय | २५८०९४ | २०१३५३ | ७८.०२ | |
| २४ | नेपाल विद्युत प्राधिकरण लमजुङ वितरण केन्द्र | १०९७५ | १०१८६ | ९२.८१ | |
| २५ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | ५५२०० | ५०९०० | ९२.२१ | |
| २६ | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना | ११०९६ | १०४३५ | ९४.०४ | |
| २७ | खेलकुँद विकास समिति | ९८७ | ९८७ | १००.०० | |
| २८ | नेपाल टेकिलम (प्रस्तुती भएको तर बजेट छैन) | ० | ० | ०.०० | |
| | **सरकारी कार्यालय जम्मा** | **२९०२१५७** | **२५७२८७१** | **८९** | |
| | **गैसस तथा संघसंस्थाहरु** | | | | |
| १ | लमजुङ उद्योग वाणिज्य संघ | ४९७० | ३९०० | ७८.४७ | |
| २ | चेस नेपाल | ६५३६ | ६५३६ | १००.०० | |
| ३ | ग्रामीण सामुदायिक विकास केन्द्र | ५५९१३ | ४६००० | ८२.२७ | |
| ४ | च्वाइस नेपाल | ७४१४३ | ६०३०९ | ८१.३४ | |
| ५ | वर्ल्ड भिजन एडिपी | २४६१९ | १४२२३ | ५७.७७ | |
| ६ | महिला आपसी सहयोग केन्द्र भोटेओडार | ८४९७ | ८०२१ | ९४.४० | |
| ७ | समग्र विकास सेवा केन्द्र | २२७० | २२७० | १००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | जनचेतना अभिबृद्धि तथा विकास अ. समिति | ६७५४८ | ६६२५८ | ९८.०९ | |
| ९ | स्क्यान नेपाल | ३११० | २६४६ | ८५.०८ | |
| १० | नेपाल रेडक्रस सोसाइटी | ६५०९५ | ५०४०८ | ७७.४४ | |
| ११ | लक्ष्मी नारायण सामुदायिक पुस्तकालय | १२२१ | ११३१ | ९२.६३ | |
| १२ | आदर्श महिला बाल विकास केन्द्र | २४८१ | १८५५ | ७४.७७ | |
| १३ | ग्लोवल एक्सन नेपाल | २७५४१ | २३३५३ | ८४.७९ | |
| १४ | लि बर्ड | ५३०० | १७८७ | ३३.७२ | |
| १५ | ग्रामीण शसक्तिकरण समाज दमौली | १३१३० | ११८५६ | ९०.३० | |
| १६ | शिलषा कार्यक्रम | ७२६८ | ७२६८ | १००.०० | |
| १७ | महिला शक्ति विकास केन्द्र नेपाल | ५६३ | ५६३ | १००.०० | |
| १८ | अपांग संरक्षण समाज | २४३८ | २१२५ | ८७.१६ | |
| १९ | पास नेपाल | ७४५ | ७२१ | ९६.७८ | |
| २० | सेर्सोक | ३५९८ | ३२६४ | ९०.७२ | |
| २१ | सर्वोदय सेवाश्रम | ३०७०० | १३०५० | ४२.५१ | |
| २२ | कोपिला नेपाल | ९२७८ | ६२५३ | ६७.४० | |
| २३ | गोरखा वेयलफेयर स्किम | २३२८७ | २३२८७ | १००.०० | |
| २४ | लमजुङ सीप विकास प्रतिष्ठान | २४२४९ | २३३३८ | ९६.२४ | |
| २५ | Kathmandu International Study Center | २०९० | २१०७ | १००.८१ | |
| २७ | सामुदायिक वन उपभोक्त महासंघ | ३६६२ | २६८३ | ७३.२७ | |
| २८ | साथी नेपाल | ८१०५ | ८१६९ | १००.७९ | |
| २९ | सामुदायिक वन तथा कृषि वन अनुसन्धान परियोजना | २९०० | २२६२ | ७८.०० | |
| ३० | मर्स्याङ्दी साकोस | ८१७५ | ७२२१ | ८८.३३ | |
| ३१ | दलित सेवा संघ | २६५६ | २६५६ | १००.०० | |
| ३२ | कानून अन्वेषण तथा अनुसन्धान केन्द्र, सेलर्ड | २२७१ | १८८७ | ८३.०९ | |
| | **गैसस तथा संघसंस्थाहरु जम्मा** | ४९४३५९ | ४०२८६४ | ७३.२७ | |
| | **सरकारी र गैसस कुल जम्मा** | ३३९६५१६ | २९७५७३५ | ८७.६१ | |

| | | |
|---|---|---|
| प्रस्तावित बजेट (जिल्ला परिषदबाट)रु हजारमा | २९९९६३७ | |
| यथार्थ बजेट रु हजारमा | ३३९६५१६ | ११३.२३% |
| यथार्थ खर्च रु हजारमा | २९७५७३५ | ८७.६१% |

## निर्णय नं २

यस समीक्षा गोष्ठीमा प्रस्तुत भएका विवरणहरुको आधारमा आव २०७२।०७३ मा जिल्लामा हासिल भएका मुख्य मूख्य उपलब्धीहरु निम्नानुसार रहेको जानकारी भयो ।

- सुनपामा नगर बस सञ्चालन भएको /आन्तरिक आय बृद्धि गरिएको /ल्याण्डफिल्ड साइट सञ्चालन
- चार स्थानमा (घाम्राङ, सिउरुङ, लामागाउँ (सिम्पानी) नौथरसेरा) सामुदायिक स्वास्थ्य इकाई स्थापना भई सञ्चालन भएको ।
- चार स्थानमा (खत्रिठाँठी, भोटेओडार, भकुण्डे, धुरपुरे) शहरी स्वास्थ्य केन्द्र स्थापना भई सञ्चालन भएको
- सुन्दरबजार स्वास्थ्य चौकीलाई १५ सैयाको अस्पतालमा स्तरोन्नती गरी सञ्चालन गरिएको ।
- २५ स्वास्थ्य संस्थामा सामाजिक परीक्षण सम्पन्न गरिएको ।
- जापनिज इन्सेफलाइटिस लगायतका विभिन्न खोप अभियानहरु प्रभावकारी रुपमा सम्पन्न गरिएको ।
- अन्नपूर्ण पदमार्गको सिम्पानी ९ बगैंचामा पर्यटक चेक पोष्ट तथा सूचना केन्द्रको स्थापना गरिएको ।
- भूकम्पबाट प्रभावित ५ वटा विद्यालयको पुनर्निर्माण कार्य तिब्ररुपमा भइ रहेको ।
- बेसीशहर नगरपालिकाको नगरस्तरीय सडक यातयात गुरुयोजना (MTMP) तयार भएको ।
- आन्तरिक आयमा उल्लेख्य वृद्धि भएको । (पहिलो वर्ष १७ लाख, दोश्रो वर्षमा १ करोड १७ लाख प्राप्त भएकोमा यस वर्ष १ करोड २८ लाख प्राप्त । वेनपा
- आयोजना संचालन तर्फ ५०/५० लागत सहभागिताको अवधारण अनुसार केही ठुला आयोजनाहरु अन्तर्गत सडकहरु कालो पत्रे, नाली निर्माण लगायतका कार्यहरु सम्पन्न भएका । वेनपा
- भवन संहिता वमोजिम घरहरुको नक्सा पास भएको । साथै सडकहरुको मापदण्ड र नामाकरण भएको ।
- वेसीशहर नगरपालिकाको वडा नं. ८ देखि १२ सम्मको घरहरुको मेट्रिक सिस्टममा आधारित हाउस नम्वरिङको लागि घरहरुको सर्भे सम्पन्न,
- गत वर्ष मर्ज गरिएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गरिएको ।
- Log Jam को रुपमा रहेका कठिन भीरखण्डहरुमा ट्र्याक खोल्न सफल भईएको (पुरानकोट भीरखण्ड, पसगाउँ भञ्ज्याङ, भारते लाँकुरीभन्ज्याङ गौंडा भीरखण्ड)
- दुई दशक भन्दा बढी समयमा पनि सम्पन्न हुन नसकेको चिती रामचोक खापा योजना सम्पन्न भएको ।
- योजनाहरुको अन्तिम भुक्तानी अघि अनुगमन अनिवार्य गराइएको । ५ लाख भन्दा माथिका योजनामा फोटो अनिवार्य गरिएको ।
- केन्द्रिय अनुदान तर्फको बेरुजु फछ्र्यौट ५५ प्रतिशत भएको तथा आव ७०।७१ मा कम बेरुजु हुने जिल्लामा पश्चिमाञ्चलमा पहिलो र नेपालमा दोश्रो जिल्ला भएको ।
- गाविस सचिवहरुको सेवाकालिन तालिम सञ्चालन गरिएको ।
- पहिलो पटक जिविसको जेसी अडिट सम्पन्न गरिएको । साथै जेसी कार्ययोजना समेत तयार गरिएको ।
- निर्माण सामाग्रीको गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याइएको ।

- गैससको कार्यक्रमलाई व्यवस्थित गर्न तथा समन्वयलाई थप प्रभावकारी बनाउन गैसस प्रोफाइल तयार गरी गैसस डेक्स स्थापना गरिएको ।
- खुदी र भुलभुले गाविसले लेखा सफ्टवेयर जडान गरी कार्य गरेको ।
- मालिङ गाविस पूर्ण सरसफाईयुक्त गाविस घोषणा भएको । लमजुङको पहिलो तथा नेपालको पाँचौं ।
- गाविसहरुले पनि आफ्नै पहलमा सार्वजनिक सुनुवाई गरेका । चिती,दुराडाँडा,चन्द्रेश्वर
- विचौर गाविसले घरधुरी कर समेत उठाई आय बृद्धिमा पहल गरेको ।
- खाद्यमेला २०७३ जिल्लामा पहिलो पटक सम्पन्न भएको (लउवासंघ)
- जिल्लामा बाख्रा तथा भेडाको श्रोत केन्द्र स्थापना गरेको ।
- १७००० अलैंची र ३५००० अम्रिसो रोपण कार्य सम्पन्न (जिल्ला वन कार्यालय)
- पाचोक र कोल्की गाविसमा पूर्ण विद्युतीकरणको कार्य अन्तिम चरणमा रहेको ।

## निर्णय नं ३

स्थानीय निकाय, विषयगत कार्यालय तथा संघसंस्थाहरुले आव ०७२।७३ मा ब्यहोर्नु परेका प्रमुख समस्या तथा चुनौतीहरु देहाय वमोजिम रहेको जानकारी भयो ।

- गाविस भवन पुनर्निर्माणको लागि जिल्लाको आवश्यकता अनुसार बजेट विनियोजन नभएको । (जिप्राका)
- अति न्यून बजेटका कारण योजना सम्पन्न हुने अवधी थाहा नहुने र लामो अवधीसम्म योजनाहरु क्रमागत रहन पुगेका । (जिप्राका)
- अति न्यून बजेटका कारण निर्माण व्यवसायीहरुलाई भुक्तानी गर्न नसकिएको । (जिप्राका)
- सदस्यता बृद्धि भए अनुसार सेवा विस्तार गर्न (लउवासंघ) नसकिएको ।
- लउवासंघको आम्दानीमा आएको कमीले कार्यक्रम सञ्चालनमा साझेदारी संघसंस्थाको आवश्यकता ( लउवासंघ) परेको ।
- अविरल बर्षाको कारण कच्ची बाटोहरु भत्किंदा विद्युतीकरणको मालसामान ढुवानी गर्न कठिनाई भएको ।
- दक्ष जनशक्ति तथा कामदारको अभाव हुँदा समयमै कार्यसम्पन्न गर्न कठिनाई
- विद्युतीकरणसंग सम्वन्धित सामाग्रीहरु माथिल्लो निकायबाट सही समयमा प्राप्त हुन नसक्दा कार्य सम्पादन गर्न असहज भएको ।
- काम गर्ने युवा कृषक जनशक्तिको अभाव रहेको ।
- प्राय कृषकहरुमा स्वःलगानी मैत्रि सोच कम हुनु र अनुदानमुखि सोच हावी हुनु । अतः व्यवसायिक कृषिलाई उठाउन INPUT मा भन्दा OUTPUT मा SUBSIDY दिने नीति वनाउनु पर्ने
- जिल्लाको प्राथमिकता प्राप्त व्यवसायिक बालीहरु अलैंची, मौरी पालन र बेमौसमी तरकारी खेतीमा कृषकको माग अनुसार पर्याप्त कार्यक्रम बजेट विनियोजन गर्न नसकिएको ।
- प्रकृतिक प्रकोप विशेष गरी असिना, खडेरीबाट बालीको क्षति हुने गरेको/आकस्मिक राहात कोष नहुनु ।
- कृषि उपज हाट बजार सञ्चालन भएको धमिलीकुवा स्यालीमा (रानपा)
- अतिक्रमण भएका सार्वजनकि जग्गाको संरक्षण गर्न नसकिएको ।
- मध्य पहाडी लोकमार्गको सुन्दरबजार क्षेत्रमा एलाइन्मेन्टको कठिनाई
- स्वास्थ्य चौकी र मानव बस्तीको सघनता विच तालमेल हुन नसक्नु ।
- कतिपय स्वास्थ्य चौकीको भवन निर्माणको लागि जग्गा प्राप्तिमा कठिनाई

- जोखिमूर्ण अवस्थाका बालबालिकाहरु धेरै आउने । उनीहरुको उचित व्यवस्थापनको लागि आर्थिक लगायत अन्य समस्या ।
- बाल विवाहको समस्या बढ्दै जानु । टुहुरा, असहाय र जोखिमपूर्ण बालबालिकाको संख्या समेत उल्लेख्य रहनु ।
- अवैध जडीबुटी संकलन तथा चोरी शिकार नियन्त्रण गर्न कठिनाई भएको ।
- नेपाल सरकारको आवमा कार्यक्रमको आव नमिलेकोले समन्वयमा कठिनाई
- जथाभावी घडेरी खार्ने, नाली पुर्ने, access road निर्माण गर्ने जस्ता सडक अतिक्रमणका कार्यहरुलाई पूर्ण रुपमा नियन्त्रण गर्न नसकिएको जसको कारण सडक संरचनामा क्षेति पुगेको ।
- डुम्रे वेशिशहर सहायकमार्गमा यातायातको चाप अत्याधिक भएको तथा सवारीको भार समेत अत्यधिक भएकोले यस सडकलाई मर्मत सम्भारले मात्र नपुग्ने । त्यसैले यस सडकालाई दुई लेन स्तरको सडक निर्माण गरिनुपर्ने ।
- बेशीसहर चामे सडकको भौगोलिक विकटता, ट्र्याक ओपनिङ गर्दा यस सडकको चौडाई, ग्रेड, घुम्ती लगाएतका कुराहरुमा रहेको इन्जिनियरिङ त्रुटी, ठाडो चट्टाने भीर आदी कारणले गर्दा डिभिजन सडक कार्यालयबाट यसको नियमित मर्मत तथा स्तरोन्नती कार्य गर्न कठिन । यस कार्यको लागि छुट्टै योजना कार्यालय खडा गरिनुपर्ने ।
- लिफ्ट खानेपानी आयोजनामा विद्युत जडानमा समस्या रहेको ।
- नगरपालिका कार्यालयको आफ्नै जग्गा नभएको र उपयुक्त जग्गा समेत प्राप्त हुन नसकेको ।
- नगरपालिकाको आफ्नै ल्याण्डफिल साईट नहुंदा फोहोरमैला व्यवस्थापनमा कठिनाई भएको ।
- ठेकेदारहरुले समयमा काम सम्पन्न गर्न जिम्मेवारी नदेखाउने ।
- प्रावि तहमा ओभर स्टाफिङ र निमावि तथा मावि तहमा संख्यात्मक तथा विषयगत शिक्षक दरबन्दीको कमी ।
- गोरखा भूकम्पका कारण १००० भन्दा बढी कक्षा कोठाहरु भत्किएर नपुगको अवथामा शिक्षण सिकाइ प्रभावित
- विद्यालयहरु गाभ्ने, तह घटाउन र भौगोलिकता विचको नमिल्दो सम्बन्ध ।
- प्राज्ञिक विषयहरुमा अभिभावकको कम चासो ।
- सवै विद्यालयहरुमा योग्य, दक्ष र नियमानुसारका प्रधानाध्यापकहरुको व्यवस्था गर्न नसक्नु ।
- आफ्नो भवन नहुनु ।
- कार्यक्षेत्रको अनुपातमा कार्यक्रम कम हुनु ।
- महिला तथा बालबालिका कार्यालयलाई दिइएको जिम्मेवारी अनुसार कर्मचारीको दक्षता अभिवृद्धि तर्फ ध्यान दिन  नसक्नु ।
- अधिकांश सडक निर्माणको कार्य कार्यउपभोक्ता समितिमार्फत गराइएको छ । तर जनसहभागिता नाममात्रको छ ।
- समयमा संझौता गर्ने तथा समयमा काम थाल्ने र सम्पन्न गर्ने परिपाटी छैन
- संरचना निर्माणको कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउनु कठिन भएको ।
- सार्वजनिक परीक्षणको जुन मर्म थियो र छ सो वमोजिम हुन नसकेको ।
- स साना छिरलिएका योजनाहरुको कारण कतै पनि देखिने परिणाम आउन नसकेको ।

- पहाडी भू वनौटका ग्रामीण सडकहरुको स्तरोन्नतिको लागि श्रोतको कमी
- प्राविधिक संख्याको कमीका कारण योजना कार्यान्वयनको समयमा निरन्तर अनुगमन तथा सहजीकरण गर्न कठिनाई
- जिविसको आन्तरिक आय बृद्धि त्यति धेरै बढाउन नसकिएको ।
- जिविसले लगाउने प्राकृतिक श्रोत उपयोग कर (ढुंगा गिटी बालुवा) प्रभावकारी नियमन गर्न नसकिएको ।
- प्राविधिकहरुलाई औजार उपकरण तथा क्षमता विकासको कमी ।
- गाविसले क्षमता भन्दा बढी कार्य गर्नु परेको/ठूलो भारी
- सुरक्षाको चिन्ता/सामाजिक सुरक्षा भत्ता वितरण गर्दा
- गाविस भवन नहुँदा काम गर्न अप्ठेरो १७ गाविस
- गाविसका प्राविधिकहरुको लागि क्षमता विकासको कार्य हुन नसकेको
- गाविसस्तरका कार्यमा भ्याट बील जुटाउन कठिन

## निर्णय नं ४ :

यस समीक्षा गोष्ठीमा प्रस्तुत भएका प्रगति विवरण तथा प्राप्त सुझाव समेतका आधारमा आगामी दिनमा अघि बढ्नको लागि देहाय वमोजिम गर्ने निर्णय गरियो ।

१. सरकारी कार्यालय तथा संघसंस्थले उपलब्धी र प्रतिफलतर्फ केन्द्रित हुने गरी कार्यक्रम सञ्चालन गर्ने । समीक्षा गर्दा पनि उपलब्धी र प्रतिफलतर्फ केन्द्रित हुने ।

२. अधिकांश योजना तथा कार्यक्रमहरु आर्थिक वर्षको अन्तमा सञ्चालन हुने र खर्च समेत आ.व.को अन्तमा हुने परिपाटीको अन्त्य गर्दै समयमा नै योजना तथा कार्यक्रमहरु सञ्चालन गरी समयमै सम्पन्न गर्नेतर्फ विशेष ध्यान दिने ।

३. दोहोरोपना व्यवस्थित गर्ने सन्दर्भमा मिल्दाजुल्दा कार्यक्रमहरु सञ्चालन गर्ने सरकारी कार्यालयहरु विच कार्यक्रम कार्यान्वयनको ढाँचा तयार गर्ने क्रममा नै आवश्यक समन्वय गर्ने । साथै गैर सरकारी कार्यालयहरुले कार्यक्रम तयार गर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा जिविस र सम्वन्धित विषयगत कार्यालय तथा गाविस/नपासंग अझ बढी प्रभावकारीरुपमा समन्वय गरी सञ्चालन गर्ने ।

४. एउटा विकासको संरचना निर्माण गर्दा अर्को संरचना विगार्न नदिनेतर्फ विशेष ध्यान दिने ।

५. विशेष तालिमहरु सञ्चालन गर्ने संघसंस्थाहरुले तालिम पश्चात तालिम लिनेहरुको रोष्टर तयार गर्ने र उनीहरुको कार्यसम्पादन बारे अद्यावधिक गर्ने ।

६. योजना छनौट र कार्यान्वयन गर्दा सहभागितात्मक जिल्ला विकास योजना तर्जुमा प्रक्रिया पार गरी आएका एवम् आवधिक जिल्ला विकास योजना र उपलब्ध क्षेत्रगत योजनालाई विशेष ध्यान दिई समयमै छनौट गर्ने ।

७. उपभोक्ता समिति गठन गर्दा श्रोत परिचालन कार्यविधिमा व्यवस्था भए अनुसार समयमै गठन गरी योजना संझौता गर्नेतर्फ ध्यान दिने र आगामी दिनमा उपभोक्ता समितिहरुलाई योजना शुरु हुनु अगावै योजना सञ्चालन बारे अभिमुखीकरण तालिम प्रदान गर्ने ।

८. सडक निर्माणको कार्यमा दोहोरोपना व्यवस्थित बनाउने सन्दर्भमा सडक डिभिजन कार्यालयले जिविस र नगरपालिकासंग आवश्यक समन्वय गर्ने । यसको लागि जिविसले समन्वयको लागि आवश्यक पहल गर्ने ।

९. योजना सञ्चालनका सवै चरणहरुमा सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन गर्ने । संयुक्त अनुगमन समितिले औंल्याएका विषयहरुलाई ध्यानमा राखी कार्य सञ्चालन गर्ने ।

१०. जिविस, विषयगत कार्यालय, गैसस तथा सम्वन्धित गाविसबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्न गाविसहरुलाई निर्देशन दिने ।

११. संरचना निर्माण गर्नुपर्ने पूर्वाधार निर्माणका कार्यहरुमा उपभोक्ता समितिको क्षमता पुग्न नसक्ने स्थितिमा निर्माण व्यवसायीहरुबाट गर्ने कुरामा प्राथमिकता दिने ।

१२. लक्षित वर्गको कार्यक्रम सञ्चालन गर्दा उनीहरुको आवश्यकतालाई ध्यानमा राखी आय आर्जन र व्यवसायमुखी बनाउने तर्फ केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने ।

१३. कृषि, पर्यटन तथा अन्य आय आर्जन कार्यक्रम सञ्चालन गर्दा युवाहरुलाई आकर्षित गर्ने ढंगले कार्यक्रम सञ्चालन गर्ने ।

१४. स्थानीय विकास निर्माणका कार्यहरु गर्दा वातावरणमैत्री तवरले सञ्चालन गरी दिगो विकासको अवधारणालाई आत्मसात गर्ने ।

१५. सार्वजनिक सुनुवाईमा नागरिकहरुले उठाएका विषयहरु तर्फ ध्यान दिंदै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने । साथै सेवाग्राहीहरु प्रति सम्मानपूर्वक सेवा प्रदान गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउने ।

## निर्णय नं ५ :

गैससहरुले कार्यक्रम सञ्चालन गर्दा कम्तिमा ५० प्रतिशत रकम पूर्वाधार (hardware) तर्फका कार्यक्रमहरुमा विनियोजन गर्ने । गैससबाट सञ्चालित कार्यक्रमको नियमित संयुक्त अनुगमनको व्यवस्था सम्वन्धित गैससले मिलाउने ।

## निर्णय नं ६ :

योजना तथा कार्यक्रमहरुको दोहोरोपाना (duplication) लाई व्यवस्थित गर्ने सन्दर्भमा जिविसले सरकारी कार्यालय र गैससहरुको विचमा नियमितरुपमा समन्वय बैठकको आयोजना गर्ने ।

## निर्णय नं ७ :

यस समिक्षा गोष्ठीमा प्रस्तुत भएका प्रगति विवरण र प्राप्त सुझावहरुलाई एकिकृत गरी एकमुष्ठ प्रतिवेदन तयार गरी जिविसको सूचना शाखा मार्फत सार्वजनिक गर्ने निर्णय गरियो । मुख्य मुख्य बुँदा समेटेको संक्षिप्त प्रतिवेदन तयार गरी जिविसको वेभ साइट र सूचना पाटी मार्फत समेत सार्वजनिक गर्ने निर्णय गरियो ।

## निर्णय नं ८ :

आ.व. २०७२।७३ को जिल्लास्तरीय बार्षिक प्रगति समीक्षा गोष्ठीमा उपस्थित भई सुझाव प्रदान गर्नुहुने माननीय सांसदज्यूहरु, प्रमुख जिल्ला अधिकारी, सरकारी एवम् गैर सरकारी निकायहरु, राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार एवम् बुद्धिजीवी लगायत सवै जिल्लाबासीहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## समापन कार्यक्रम

कार्यक्रमको दोश्रो दिन उपस्थित सवै कार्यालय तथा संघसंस्थाहरुको प्रगति विवरण प्रस्तुतीकरण पश्चात समापन कार्यक्रमको आयोजना गरिएको थियो । समापन कार्यक्रममा माननीय सांसद चन्द्र बहादुर कुँवर, जमिन्द्रमान घले, टुकाभद्र हमाल, भीष्म अधिकारी र लाल बहादुर गुरुङले समापन मन्तव्य राख्नु भएको थियो । त्यसै गरी प्रमुख जिल्ला अधिकारी मोहन बहादुर जिसी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि र स्थानीय विकास अधिकारी शेखर पौड्यालले मन्तव्य राख्नु भएको थियो । समापन कार्यक्रममा व्यक्त विचार अनुसूची ३ मा राखिएको छ । कार्यक्रमको अन्तमा स्थानीय विकास अधिकारी श्री शेखर पौड्यालले सवैलाई धन्यवाद ज्ञापन गर्दै राती ६.३० बजे दुई दिने समीक्षा गोष्ठीको समापन भएको जानकारी गराउनु भएको थियो ।

**— समाप्त —**

## *अनुसूचीहरु :*

***अनुसूची १ :***
समीक्षा गोष्ठीको उपस्थिति

***अनुसूची २ :***
समीक्षा गोष्ठीमा सहभागी कार्यालय, प्रस्तुतीकरण गर्नेको नाम र प्रस्तुतीकरणमा प्राप्त जिज्ञासा तथा सुझावहरु

***अनुसूची ३ :***
समापन कार्यक्रममा माननीय सांसदज्यूहरु, राजनीतिक दल र प्रजिअ तथा स्थाविअले व्यक्त गर्नुभएका विचारहरु

***अनुसूची ४ :***
विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरणको विस्तृत विवरण

***अनुसूची ५ :***
समीक्षा गोष्ठीका तस्वीरहरु तथा पत्रपत्रिकामा छापिएका खबरहरु

***अनुसूची ६ :***
आमन्त्रण गरिएका कार्यालय तथा संघंसंस्थाहरु र पत्र बुझेको भर्पाइ

## *अनुसूची २ :*
## समीक्षा गोष्ठीमा सहभागी कार्यालय, प्रस्तुतीकरण गर्नेको नाम र प्रस्तुतीकरणमा प्राप्त जिज्ञासा तथा सुझावहरु

### १. महिला तथा बालबालिका कार्यालय
प्रस्तुतकर्ता :- सुपरभाइजर श्री देवी शर्मा

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- परम्परा धान्ने खालको प्रतिवेदन प्रस्तुत भयो । सुधार ल्याउन अनुरोध छ ।

### २. जिल्ला बालकल्याण समिति
प्रस्तुतकर्ता :-श्री पार्वती सापकोटा

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- बजेट न्यून भयो भनि प्रस्तुतीकरण गरियो तर अत्यमा बजेट फ्रिज भयो किन ?
- द्वन्द्वपीडित साथै अपाङ्गगता भएका बालबालिकाको सहि तथ्यांक आएन जस्तो लाग्यो ।

### ३.जिल्ला शिक्षा कार्यालय
प्रस्तुतकर्ता :-श्री बाबुराम बराल शाखा अधिकृत

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- शिक्षामा नयाँ शिक्षा प्रणालि कार्यान्वयन गरिएन किन ?

### ४. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
प्रस्तुतकर्ता :-श्री डा. पुनम नेपाल

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- जिल्ला आयुर्वेद कार्यालयमा कति औषधि उपलब्ध हुन्छ कहिल्यैपनि पुरा औषधि पाइदैन किन ?

### ५.जिल्ला जनस्वास्थ्य कार्यालय
प्रस्तुतकर्ता :-बरिष्ठ जनस्वास्थ्य अधिकृत श्री सतिष विष्ट

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

### ६. लमजुङ जिल्ला सामुदायिक हस्पीटल
प्रस्तुतकर्ता :-श्री युवराज देवकोटा

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- जिल्ला सामुदायिक हस्पीटलमा खानेपानिको अभाव छ भन्ने प्रतिवेदनमा उल्लेख गरिएको छ, त्यस समस्यालाई कसरी समाधान गर्ने योजना तयार पारिएको छ ?

### ७. जिल्ला कृषि विकास कार्यालय
- प्रस्तुतकर्ता :-बरिष्ठ कृषि विकास अधिकृत श्री कृष्णभद्र अधिकारी
- जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- युवाहरुलाई बैदेशिक रोजगारिबाट रोकी कृषिमा नै आत्मनिर्भर गराउने खालको कार्यक्रम संचालनमा ल्याउनन सकिन्न ?
- जिल्ला कृषि विकास कार्यालयका प्राविधिक कर्मचारीहरु किन फिल्डमा नगहि सेवा केन्द्रमा नै बसिरहन्छन् सेबाकेन्द्र भित्रका वस्तिमा जाने बातावरण निमार्ण गरिदिनु पर्छ कि ?
- यस जिल्लामा अलैंचिका बिरुवा बाहिरी जिल्लाबाट ल्याउन के प्रतिवन्द गरिएको हो ।
- हावापानि,माटो राम्रो हुदाँ हुदैं पनि किन उत्पादन राम्रो हुदैन ?
- बिउँबिजन वितरण गरिएको तथ्याकं प्रतिवेदनमा उल्लेख गरिन्छ तर कति प्रतिशत उत्पादन बृद्धि गरियो सो प्रतिवेदनका आउदैन किन ?
- हरेक बर्ष किन धानको बिउ कम ल्याईन्छ ?

**८.जिल्ला घरेलु विकास समितिको  कार्यालय**

प्रस्तुतकर्ता :-श्री महेन्द्र राज घिमिरे

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- घरेलुबाट तालिमप्राप्त जनशक्ति के गरिराखेको छ ? भन्ने विषयमा घरेलुमा तथ्यांक छ ?

**९.ग्रामिण तालिम केन्द्र सिमपानी**

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री बद्रिनाथ सापकोटा

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- ग्रामिण तालिम केन्द्र सिमपानि द्धारा तारजालि बुन्ने व्यक्ति खोजि तालिमको व्यवस्था गरिनु पर्छ ।
- जिल्ला घरेलु विकास कार्यालय र ग्रामिण तालिम केन्द्र सिंम्मपानी कार्यालयले एउटै प्रकारको तालिम संचालन गर्ने हुदा आपसमा सहजीकरण गरी कार्यन्वयन संचालन गरे राम्रो हुने थियो ।

**१०. जिल्ला पशुसेवा कार्यालय**

प्रस्तुतकर्ता :-श्री नारायण कुसुम

- जिज्ञासा तथा प्राप्त सुझावहरु :-
- जिल्ला पशुसेवा कार्यालयले पशुपालन कृषकहरुलाई के कस्तो सहयोग गर्ने गर्छन ।
- गाईको गर्भाधान गराउने वीच किन राख्न सकिदैन ।
- कति युवाहरु व्यावसायी संम्लग्न भए भन्ने तथ्याकं  प्रतिवेदनमा उल्लेख भएको पाईएन ।
- जिल्ला पशुसेवा कार्यालय वाट उन्नत जातको वोका पाउन के गर्नु पर्दछ ।

**११.जिल्ला भू संरक्षण कार्यालय**

प्रस्तुतकर्ता :- कार्यालय प्रमुख श्री हरीवंश आचार्य

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

**१२. जिल्ला वन कार्यालय**

प्रस्तुतकर्ता :- कार्यालय प्रमुख श्री दुर्गा मान कार्की

गुनासो तथा सुझाबहरु :-

- कवुलियत वन विकास कार्यक्रममा जिल्ला पशुसेवा कार्यालय सँग समन्वयन गरी घाँस वितरण कार्यक्रम संचालन गरिदिने व्यवस्था गरिनु पर्दछ ।

**१३. जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय**

प्रस्तुतकर्ता :- कार्यालय प्रमुख श्री विदुर मान श्रेष्ठ

**१४. नेपाल विधुत प्राधिकरण लमजुङ वितरण केन्द्र**

**प्रस्तुतकर्ता** : कार्यालय प्रमुख श्री माधव न्यौपाने

**गुनासो तथा सुझावहरु** :-

- मालिङ्ग गाविस को सैलुङ्ग भन्ने गाउमा विद्युत प्राविधिकरणले के कस्तो काम गरिरहेको छ ?

**१५. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**

प्रस्तुतकर्ता :- डिभिजन प्रमुख श्री जगर नाथ दास

**१६. पश्चिमाञ्चल सिंचाई विकास डिभिजन कार्यालय**

प्रस्तुतकर्ता :- डिभिजन प्रमुख श्री रविन्द्र वहादुर थापा

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- रम्घाटार सिंचाई आयोजना विविध कारणले संचालन गर्न नसकिएको भनियो । विविध कारण भित्र के के कारण परेका होलान् ? त्यहाँका बासिन्दा योजना कहिले आउला भनेर पर्खेर बसेका छन् ।

**१७ सडक डिभिजन कार्यालय**

प्रस्तुतकर्ता :- इन्जिनियर श्री  अमिन्द्र खड्का

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- डुम्रे वेसिशहर सडक किन राम्रो सँग मर्मत सम्भार गरिएन ?
- सडक डिभिजन कायालयले जि.वि.स.सँग सडक निमार्ण गर्दा किन समन्वय गर्दैन ?
- दोदी खोलाको पुल कहिले सम्म सकिन्छ ?
- जहाँ गाडीको वाटो छैन त्यहाँ पुल निमार्ण गरिएको छ,   जहां पुल छ त्याहँ गाडी को वाटो छैन किन ?
- सडक डिभिजन कार्यालयले निमार्ण कार्य गर्दा होडिङ्ग वोर्ड राख्ने गरेको छैन किन ?
- सडक डिभिजन कार्यालयले लमजुङ्ग जिल्लामा वन्ने सडकमा किन वेवस्ता गर्ने गर्दछन् ?
- कछुवा चालमा काम गर्ने पराम्परा को अन्त्य कहिले हुन्छ ?
- लमजुङ्ग जिल्लावासी को पिडाको आवज सम्वन्धित कार्यालयमा पुगेको छ कि छैन ?
- नयाँ ट्याक  खोल्दा नै नालाको व्यवस्था गरिनु  आवश्यक छ ।
- आर्थिक वर्ष २०७२।०७३ मा कति किलोमिटर पिच तथा ग्रावल गरियो जानाकारी गराउन परयो ।
- यदि सडक डिभिजनले पनि पिचबाटो जिल्लामा बढाउँदैन भने अरु कस्ले गर्ने ? कुन निकाय छ  पिच गर्ने ?
- बेसीशहर चामे सडक कति किलो मिटर पिच गर्ने लक्ष्य थियो ?
- वाटो पिच भएको हप्तामा दिन भित्र पिच भत्कीन्छ त्यो कस्तो पिच हो  भनिदिनु पर्‍यो ।

- सडक डिभिजन कार्यालयले समेत एक वा दुई लाख को वजेट विनियोजन गर्दछ यस्तो चालले कहिले विकास हुन्छ ?
- सडकमा काम गर्ने ठेकेदारले सयमा काम संपन्न नगर्दा पनि ठेकेदारलाई कार्रवाही गरिदैन किन ?

**१८.शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय**

प्रस्तुतकर्ता :- डिभिजन प्रमुख सचिन्द्र कुमार देव

- बिचौर र गौंडा गाविसहरुमा निमार्णधिन स्वास्थ्यचौकी, इलाका प्रहरी कार्यालयको कहिले सम्म निमार्ण कार्य सकिन्छ ?
- बिभिन्न स्थानमा निर्माणाधिन कृषि र पशुसेवा कार्यालयको भवन कहिले सम्ममा सम्पन्न गरिन्छ ?

**१९. करापुटार नगरपालिका**

प्रस्तुतकर्ता :-श्री प्रदिप अधिकारी, इन्जिनियर

**२०. राइनास नगरपालिका**

प्रस्तुतकर्ता :-श्री नुरराज कडरिया, कार्यकारी अधिकृत

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- जिल्ला प्रशासनबाट प्राप्त रकम रु. २५०००/-फिर्ता भनेको कस्तो रकम हो ?

**२१. मध्यनेपाल नगरपालिका**

प्रस्तुतकर्ता :-श्री भेषराज आचार्य कार्यकारी अधिकृत

**२२.सुन्दरबजार नगरपालिका**

प्रस्तुतकर्ता :-श्री सुकदेव लम्साल, कार्यकारी अधिकृत

**२३. बेसीशहर नगरपालिका**

प्रस्तुतकर्ता :-श्री  डिक बहादुर कार्की, कार्यकारी अधिकृत

**२४. जिल्ला प्रविधिक कार्यालय**

प्रस्तुतकर्ता :-श्री खगेन्द्र प्रसाद दाहाल, सि.डि.इ.

**२५. जिल्ला खेलकुँद विकास समिति**

प्रस्तुतकर्ता :-श्री पूर्ण प्रसाद अधिकारी

**२६.अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना**

प्रस्तुतकर्ता :-श्री राजेश गुप्ता, कार्यालय प्रमुख

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- जिल्ला विकास समितिले प्राप्तगर्ने पर्यटन रोयल्टी के कसरी,कहिले उपलब्ध गर्न सकिन्छ ?
- अन्नपूर्ण संरक्षण आयोजना यस जिल्लाका अन्य गाविसहरुमा विस्तार गर्न सकिदैन ?

**२७. नेपाल टेलिकम**

प्रस्तुतकर्ता :-श्री सुवास न्यौपाने, प्रमुख

जिज्ञासा तथा प्राप्त सुझावहरु :-

- घलेगाँउ,भुजुङ र पसगाँउ बासिहरुलाई वाईम्याक्स सेवा जोडी सुविधा उपलब्ध गरिनुपर्‍यो ।
- सुन्दरबजार नगरपालिका स्थित पाँउदी बजारमा एडिएसएल टेलिकम सेवा उपलब्ध गराउन सकिन्छ कि सकिन्न ।

**२८.जिल्ला विकास समितिको कार्यालय**

प्रस्तुतकर्ता :-श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत

**जिज्ञासा तथा प्राप्त सुझावहरु :-**

- बन तथा बातावरणमा जिल्ला विकास समितिको लगानी देखिएन किन ?
- उपभोक्ता समितिको तालिम अनिवार्यरुपमा संचालन गरिनु पर्छ ।
- एउटा योजना सम्पन्न गर्दा अर्को योजना विगार्ने परम्पराको अत्य गरिनु पर्ने ।

## प्रतिवेदन पेश गर्ने तथा प्रस्तुतीकरण गर्ने
## गैर सरकारी संस्थाहरु

**२९. लमजुङ उवा संघ**

**प्रस्तुतकर्ता** :- श्याम रिमाल

**३०. वर्ल्ड भिजन लमजुङ एडिपी**

**प्रस्तुतकर्ता** :- प्रमुख श्री जोएल तामाङ

**३१. जिल्ला रेडक्रस सोसाइटी, जिल्ला शाखा लमजुङ**

**प्रस्तुतकर्ता** :-श्री जगत तमाङ

**३२.जनचेतना अभिवृद्धि र विकास अध्ययन समिति**

प्रस्तुतकर्ता :-श्री कमला गुरुङ

**३३.च्वाईस नेपाल**

प्रस्तुतकर्ता :-श्री किरण न्यौपाने

**३४.महिला आपसी सहयोग केन्द्र**

प्रस्तुतकर्ता :-श्री योगेश घिमिरे

**३५.Global Action Nepal**

प्रस्तुतकर्ता :-श्री श्रृजना बिश्वकर्मा

**३६. लि-वर्ड**
प्रस्तुतकर्ता :-श्री रिता गुरुङ

**३७.ग्रामीण सामुदायिक विकास केन्द्, आरसिडिसी**
प्रस्तुतकर्ता :-श्री राजेन्द्र बोहरा

**जिज्ञासा तथा प्राप्त सुझावहरु** :-

- चिती गाविसमा रहेका चेपाङ्ग ,बोटे, र दलित बस्तिमा कुनै पनि गैह्र सरकारी कार्यालयले काम नगरेको खवर प्राप्त भयो के सत्य हो ।
- प्रतिवेदनमा यस जिल्लाका सवै गाविसमा काम गरेको जानकारी पाईयो तर दुर्गम बस्तिमा यो कार्यक्रम पुगेको जस्तो लागेको छैन ।

**३८.अपाङ्ग संरक्षण समाज**
प्रस्तुतकर्ता :-श्री निर्मला थापा

**३९.चेस नेपाल**
प्रस्तुतकर्ता :-श्री कृष्ण भट्टराई

**४०.सामुदायिक बन उपभोक्ता महासघं**
प्रस्तुतकर्ता :-श्री रामचन्द्र रेग्मी,

**४१.लमजुङ्ग सिप विकास कार्यक्रम**
प्रस्तुतकर्ता :-श्री अमृत न्यौपाने

**४२.स्वावलम्बी समाज सेवा केन्द्र**

**४३.आदर्श महिला तथा बाल विकास केन्द्र**
प्रस्तुतकर्ता :-श्री हुमा गुरुङ

**४४.लक्ष्मीनारायण सामुदायिक पुस्तकालय**
प्रस्तुतकर्ता :-श्री गणेश न्यौपाने
लक्ष्मीनारायण सामुदायिक पुस्तकालयले बिभिन्न कार्यक्रम संचालन गर्दा किन जिविसका फोकल पर्सनलाई जानकारी भएन किन ?

**४५.समग्र सेवा विकास केन्द्र**
**प्रस्तुतकर्ता** :-श्री रुद्र कोइराला

**४६.स्क्यान नेपाल**
प्रस्तुतकर्ता :-श्री रामहरी घिमिरे

**४७.ग्रामिण शसक्तिकरण समाज दमौली**
प्रस्तुतकर्ता :-श्री भविलाल पौडेल

**४८.पास नेपाल**
प्रस्तुतकर्ता :-श्री निलकन्ठ पाण्डे
**४९.साथी नेपाल**
प्रस्तुतकर्ता :-श्री लक्ष्मी कुँबर

**५०.Kathmandu International study Centre**
**प्रस्तुतकर्ता** :-श्री खिम प्रसाद कडेल

**५१.महिला शक्ति बिकास केन्द्र**
**प्रस्तुतकर्ता** :-श्री चिजा गुरुङ

**५२.सामुदायिक वन तथा कृषि वन अनुसन्धान परियोजना**
प्रस्तुतकर्ता :-श्री भोला पौडेल

**५३.सर्वोदय सेवा श्रम**
प्रस्तुतकर्ता :-श्री कृष्णराज ओलीया

**५४.शिलाषा Slisha Lamjung**
प्रस्तुतकर्ता :-श्री केशव अधिकारी

**५५. कोपिला नेपाल**
**प्रस्तुतकर्ता** :-श्री

**५६.Gurkha Welfare Scheme**
प्रस्तुतकर्ता :- क्या.श्री बालकृष्ण गुरुङ

**५७.दलित सेवा संघ**
**प्रस्तुतकर्ता** :-श्री बिवश बुढाथोकी

**५८.कानून अन्वेषण तथा स्रोत विकास केन्द्र**
प्रस्तुतकर्ता :-श्री बिष्णु चिलुवाल

**५९.मर्स्याङ्दी कल्याणकारी साकोस**
प्रस्तुतकर्ता :-श्री शिव थापा

*अनुसूची ३ :*

## दुई दिने समीक्षाको समापन कार्यक्रममा माननीय सांसदज्यूहरु, राजनीतिक दल, प्रजिअ र स्थाविअज्यूले व्यक्त गर्नुभएका विचारहरु

### मा. श्री चन्द्र वहादुर कुंवर

गत आर्थिक वर्षको जिल्ला स्थित समिक्ष संचालन गर्दा कहाँ समस्या थियो यो वर्ष त्यो समस्या समधान भयो कि भएन थाहा पाउन सकिएन ।

कर्मचारी सरकारको स्थायी संयन्त्र भएकोले राजनीतक विचारमा सम्लग्न हुनु भएन,परिणाममुखी कार्य गरेर देखाउनु पर्‍यो ।

### मा. श्री जमिन्द्रमान घले

- यस समिक्षामा उपस्थित नहुने गैह्र सरकारी कार्यालयलाई पत्रचार गरी स्पस्ष्टीकरण सोधियोस् ।
- तार जाली बुन्ने र हाते ट्राक्यटर मर्मत सम्वन्धी  तालिम यसै जिल्लाका जिल्ला वासीहरुलाई दिने व्यवस्था मिलाउनु पर्‍यो ।
- विकास निमार्ण कार्यमा कुनै समस्या आएमा म पूर्ण रुपमा सहयोग गर्न तयार छु ।
- योजनाको पेश्की नदिदा उपभोक्त समितिले चर्को व्याज दरमा ऋण लिने पनि गरेका छन् । पेश्की दिने कि नदिने भन्नेमा योजनाको प्रकृति हेरेर छुट्याउनु पर्छ होला ।
- समयमा योजना सम्झौता गरी समयमानै फरफारक  गर्ने व्यवस्था मिलाउने काम गर्नु पर्‍यो ।
- आन्तरिक आय विस्तार गर्न कार्ययोजना तयार गर्नु पर्‍यो ।

### मा.श्री टुकाभद्र हमाल माननीय सभासद्

राजनीतिक पार्टी को सल्लाहा विना जिविसले वजेट विनियोजन गरिएको कुरा वाहिर आएको छ के यो सत्य हो ?

वार्षिक समिक्षा गोष्ठिमा के के समस्या छन्  ? ती समस्याहरुको समधान कसरी गर्न सकिन्छ कारण सहित समीक्षामा उपस्थित हुन अनुरोध छ ।

### मा.श्री लाल बहादुर गुरुङ माननीय सभासद्

आगामी वर्ष वेरुजु फर्छ्यौटमा पहिलो हुने प्रयास तिर लागौं ।

राजनीतिक दलका जिल्ला स्थित प्रमुख उपस्थित नहुनमा योजना कार्यक्रममा केही परिवर्तन नआएको देखिएकाले हो कि के हो त्यस सर्न्दभमा जानकारी हुन आवश्यक भएको देखिन्छ ।

### मा.श्री डा. भिष्म अधिकारी माननीय सभासद्

जुन उद्धेश्यवाट कार्यक्रम संचालन गरिएको हो सोही अनुसार भयो की भएन सोको मूल्याकन गर्न जरुरी छ ।

आवधिक जिल्ला विकास योजनाका लक्ष्यहरु मा पुग्न कसरी सकिन्छ सोही अनुसार कार्यक्रम संचालन गरिनु पर्‍यो ।

समाजको परिवर्तन हुने खालको योजना निमार्ण हुनु पर्दछ ।

### श्री मोहन बहादुर जी .सी, प्रमुख जिल्ला अधिकारी

- प्रतिवेदन प्रस्तुतीकरण गर्ने समय छोटो भयो । समिक्षावाट निस्केका राम्रा विषय वस्तु लाई अगामी वर्ष कार्यान्वयन गरिनु पर्दछ ।

- योजना कार्यान्वयन गर्दा के के समस्या आइपरे ? कसरी समाधान गर्ने प्रयास गरियो ? जस्ता विषयमा छलफल गरिनु पर्दछ ।
- पारदर्शितालाई कसरी सुनिश्चता गर्ने भन्ने विषयलाई ध्यान दिनु पर्दछ ।

**श्री भेष बहादुर पौडेल, सभापति नेपाली कांग्रेस**

९८%प्रतिशत प्रगति भएको देखिन्छ तर परिणाम के आयो त ? हाम्रो जीवनस्तरमा कुनै किसिमको प्रगति भएको आभास देखिदैन किन ।

**श्री सिंह बहादुर थापा, कार्यालय सचिव नेकपा एमाले**

- प्रगति प्रतिवेदन कागजी रुपमा मिलाउने परम्पराको अत्य गरियोस ।
- योजनाहरुको अनुगमनमा वृद्धी गरी कार्यन्वयनमा पारदशिता गरियोस ।
- यस जिल्ला स्तरिय वार्षिक समिक्षा गोष्ठीमा राजनीतिक दलका प्रमुख नआउनु को कारण केहो ?

**श्री वालचन्द्र श्रेष्ठ, अध्यक्ष राप्रपा**

- जिल्लास्थित राजनीतिक दलका प्रतिनिधीहरुलाई केही जानकारी नगराई माननीयज्यूहरुले वजेट खर्च गरिने परिपाटीको अत्य गरियोस् ।

**श्री पृथ्वीमान घले, अध्यक्ष, संघीय समाजवादी नेपाल**

- योजना राम्रो सगँगर्नेलाई पुरस्कार र नाराम्रो गर्नेलाई दण्ड दिने काम गरिनु पर्‍यो ।

**श्री ठाकुर प्रसाद बराल, अखण्ड नेपाल**

- आगामी वर्षहरुमा यस वर्षमा देखिएका समस्या समधान गर्दै अझ राम्रो सगँ कार्यक्रम कार्यन्वयन गरिनु पर्दछ ।

**श्री राजु थापा, संयोजक नयाँ शक्ति नेपाल**

- केही सकारात्मक काम भएको देखियो ।
- आगामी आर्थिक वर्षहरुमा गत आर्थिक वर्षमा देखिएका समस्याहरु समधान गर्दै अगाडि वढ्नु पर्दछ ।
- तालिम गोष्ठी अभिमुखिकरण वाट के के उपलव्धि साथै कस्ले कहाँ कुन व्यवसाय संचालन गर्‍यो तथ्याकं उल्लेख गरिनु पर्दछ ।
- भौतिक पूर्वधारमा विषेस जोड दिनु पदैछ ।

**श्री शेखर पौड्याल, स्थानीय विकास अधिकारी**

- व्यक्तिगत असहमति भन्दा माथि उठी जिल्लाको विकासमा सहयोग पुर्‍याउन कर्मचारी तथा राजनीतिक दललाई अनुरोध छ ।
- सम्भावना नै सम्भावना वोकेको यस जिल्लालाई हामी सवै मिली अगाडी वढाउन सक्छौं, सम्भव छ ।
- राष्ट्रसेवक कर्मचारीहरुले सेवाग्राहीको सेवा वाहेक अन्य कुनै लाभको उद्देश्य राख्नु हुदैन ।
- योजना कार्यन्वयन चरणमा कही कतै कमजोरी भए सुधार गर्दै अगाडी वढ्ने प्रतिवद्धता ।

## समीक्षा गोष्ठीका तस्वीरहरू








